मिति - २४ फेब्रवरी २०२३

# सास्कृतिक प्रगती प्रतिवेदन (२०२१-२०२३)

गैरआवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद कतारको अन्तिम परिषद भेलाका अध्यक्ष महोदय, प्रमुख अतिथि नेपाली राजदुतावास कतारका महामहिम श्री डा. नरेश बिक्रम ढकालज्यू, प्रमुख सल्लाहकारज्यू, बिशेष सल्लाहकार ज्यूहरु, संस्थापक ज्यूहरु, पुर्ब अध्यक्ष ज्यूहरु, सल्लाहकार ज्यूहरु, बुदिजिवी तथा समाजसेवी ज्यूहरु, बिभिन्न संघ संस्थाका प्रमुख तथा प्रतिनिधी ज्यूहरु, विभागीय प्रमुखज्यूहरु, कार्य समिति सदस्यज्यूहरु लगायत उपस्थित सम्पूर्ण परिषद सदस्यज्यूहरुमा म सँस्कृति संयोजक सामुयल सुनुवार "साम" को तर्फबाट हार्दिक नमस्कार ।

गैर आवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद कतारको नवौ (२०२१ - २०२३) कार्यकालको १७ डिसेम्बर २०२१ देखि १७ फेब्रवरी २०२३ सम्म भएका सांस्कृतिक प्रगती प्रतिवेदन निम्नानुसार रहेको जानकारी गराउदै उक्त प्रतिबेदन प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

१. मिति १७ डिसेम्बर २०२१ शुक्रबार क्राउन प्लाजामा गैर आवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद कतारको १९औं स्थापना दिवस समारोह-२०२१ कार्यक्रममा प्रवासी नेपाली सिंगिङ आईडल २०१४ कतार प्रतियोगितामा उप बिजेता गायक अमृत लिम्बुद्वारा गायन प्रस्तुति रहेको थियो ।

२. मिति ११ फेब्रवरी २०२२ शुक्रबार साहानिया स्थित अल दोसरी पार्कमा गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद कतारको आयोजनामा नेपाल आदिवासी जनजाति महासघ कतारमा आवद्ध मातृ संस्थाहरुको चाड पर्बहरु माघ्या सकराटी (मिनाम सार ल्हेस) - चासोक तङ्नाम - तमु ल्होसार - साकेला उधौली - मन्जुश्री सम्वत २८५८ - सोनाम ल्होछार - माघी - जितिया पर्व - रापावा श्यादर पिदार - येले सम्बत ५०८२ - प्हुगाल पारिम - म्ह पुजा - ल्यापव दुक्षेन - लदी कोशी पुजा - ग्याल्पो ल्होसार - सिरुवा पावुन - नयाँ खुवा - लि:ल ल्होसार चाड पर्वहरुको अवसरमा आयोजित शुभकामना आदानप्रदान तथा विविध सांस्कृतिक कार्यक्रम -२०२२ मा सबै मातृ संस्थाहरुबाट मौलिक झाँकी, नृत्य, गायन जस्ता मनोरञ्नातमक सांस्कृतिक प्रस्तुतिहरु गरिएको थियो ।

**साँस्कृतिक प्रस्तुति दिने संस्थाहरु :**

१. नेपाल मगर संघ शाखा कतार
२. किरात याक्थुङ चुम्लुङ कतार
३. तमु (गुरुङ) समाज कतार
४. किरात राई यायोक्खा शाखा कतार
५. नेपाल प्रवासी तामाङ समाज कतार
६. थारु कल्याणकारी सभा कतार च्याप्टर
७. सुनुवार सेवा समाज शाखा कतार
८. प्रवासी भुजेल समाज कतार
९. नेवा पुच: कतार
१०. नेपाली धानुक समाज कतार
११. शेर्पा किदुग दोहा कतार

३. मिति ०३ मेई २०२२ मंगलबार इदको दोस्रो दिन गैर आवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद कतारको समन्यवमा कतारमा स्थापित बिभिन्न संघ सस्थाहरुद्वारा सयुक्त रुपमा आयोजित नेपाली नयाँ बर्ष २०७९ र

मुस्लिम समुदायको राष्ट्रिय चाड ईदको सु-अवसरमा शुभकामना आदान-प्रदान तथा विविध साँस्कृतिक कार्यक्रम-२०२२ मा नेपाली महिला समाज कतारका बालकारहरुद्वारा स्वागत नृत्य र नौमती बाजाका साथ उद्घाटन गरिएको थियो साथै दोहा कतारका स्थानीय चर्चित कलाकारहरुद्वारा नृत्य, गायन र काठमाण्डौं म्युजिकल ब्याण्डद्वारा प्रत्यक्ष बाध्यबादन सहित राष्ट्रिय लोकदोहोरी प्रतिष्ठान कतारका कलाकारहरुले प्रत्यक्ष दोहोरी गायन प्रस्तुत गरेका थिए ।

४. २४, २५ मेई २०२२ मा सिटि सेन्टरको अलबिदा टावरमा गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद कतारको साँस्कृतिक बिभागको समन्वयमा विश्व कप-२०२२ प्रचारप्रसारको लागि नेपाल र नेपालीको प्रतिनिधित्व गर्दै मौलिक भेषभुषा र मौलिक बाजाहरु सहित फोटो सुटको लागि सहभागीता जनाएको थियो ।

५. मिति २५ अगष्ट २०२२ शुक्रबार अल रायान स्कुलको सभाहलमा गैर आवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद कतारद्वारा नारिहरुको महान चाड हरितालिका तिजको अवसरमा शुभकामना आदानप्रदान तथा विविध सांस्कृतिक कार्यक्रम-२०२२ मा राष्ट्रिय लोकदोहोरी प्रतिष्ठानका कलाकारहरुले **यो नेपाली शिर उचाली** बोलको गित सहित प्रत्यक्ष बाध्यबादनमा अतिथि पहुनालाई स्वागत गर्दै सुरु गरिएको उक्त कार्यक्रममा नेपालबाट चर्चित कलाकारहरु लोकदोहोरी गायिका सुनिता बुढा क्षेत्री, लोकदोहोरी गायिका शर्मिला बिसि, चर्चित नृत्य/मोडल रुबिना अधिकारीलाई निमन्त्रणा गरि कतारमा रहेका कलाकारहरुको साथमा बिभिन्न साँस्कृतिक गायन, नृत्य प्रस्तुत गरियो ।

६. मिति १० अक्टोबर २०२२ दोहाको कर्नेसमा विश्व कप २०२२ लाई आकर्षणको लागि नेपालको सहित ११९ वटा देशको झण्डा फहराईएको फ्ल्याग प्लाजामा MOI को आयोजनामा नेपाली नियोग कतार र गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद कतारको समन्वयमा नेपाली समुदायको प्रतिनिधित्व गर्दै नेपालको मौलिक भेषभुषा र बाजाहरुको साथमा उल्लेखनीय उपस्थितिमा कतारका बिभिन्न संघ संस्थाहरुको सांस्कृतिक प्रस्तुति प्रदर्शन गरिएको थियो ।

**साँस्कृतिक प्रस्तुति दिने संस्थाहरु :**

१. नेपाली महिला समाज कतार
२. सुनुवार सेवा समाज शाखा कतार
३. किरात राई यायोक्खा शाखा कतार
४. तमु (गुरुङ) समाज कतार
५. अन्तराष्ट्रिय कलाकार मन्च कतार
६. नेवा पुचः कतार
७. नेपाल मगर सघ कतार
८. नेपाल प्रवासी तामाङ समाज कतार
९. किरात याक्थुङ चुम्लुङ कतार
१०. हाम्रो सपना सङ्गित परिवार
११. राष्ट्रिय लोक तथा दोहोरी गित प्रतिष्ठान कतार
१२. थारु कल्याणकारी सभा च्याप्टर कतार
१३. राष्ट्रिय नौमति पञ्चेबाजा कतार
१४. अन्तराष्ट्रिय मिथिला कला सँस्कृती समाज दोहा, कतार

७. मिति २१ अक्टोबर २०२२ नेपाली राजदुताबास दोहा कतारको सभा हलमा गैर आवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद कतारको समन्वयमा कतारका विभिन्न संघ संस्थाहरको संयुक्त आयोजनामा सम्पन्न बिजया

दशमी, शुभ दिपावली, नेपाल सम्बत ११४३, छट पर्ब, बलिहाङ तङ्नाम चाड पर्बहरुको शुभकामना आदानप्रदान कार्यक्रम - २०२२ मा नेपाली महिला समाज कतारका बाल कलाकारहरुले सांस्कृतिक नृत्य प्रस्तुत गरेको थियो ।

८. फिफा बिश्व कप फ्यान फेस्टिभल २०२२ लाई सफल बनाउन कतार सरकारको सम्बन्धित निकायहरु सुप्रीम कमिटि, आन्तरीक मन्त्रालयद्वारा मिति १८ नोभेम्बर २०२२ देखि देखि १८ डिसेम्बर २०२२ सम्म कतार स्थित आप्राबासी समुदायहरुलाई लक्षित गरि बनाईएको फिफा फ्यान जोनहरु नयाँ औद्योगिक क्षेत्र स्टेट ५५, लेबर सिटि, अल-जबर कम्पनी, अल-खररा जस्ता ठाउहरुमा नेपाली नियाग कतार र एनसीसी कतारको साॅस्कृतिक बिभागको समन्वयमा कतारमा रहेका बिभिन्न नेपाली संघ संस्थाहरुको कलाकारहरु द्वारा नेपाली कला, संस्कृति र मौलीकता झल्काउने सांगीतिक प्रस्तुतिहरु प्रस्तुत गरिएको थियो ।

**<u>साॅस्कृतिक प्रस्तुति दिने संस्थाहरु :</u>**

१. सुनुवार सेवा समाज शाखा कतार
२. नेपाली महिला समाज कतार
३. किरात राई यायोख्खा शाखा कतार
४. तमु (गुरुङ) समाज कतार
५. अन्तराष्ट्रिय कलाकार मन्च कतार
६. नेवा पुचः कतार
७. नेपाल मगर सघ शाखा कतार
८. नेपाल प्रवासी तामाङ समाज कतार
९. थारु कल्याणकारीणी सभा च्याप्टर
१०. किरात मुल समारोह समिति कतार
११. क्यु एन डान्स (कतार, नेपाल)
१२. शेर्पा किदुग दोहा कतार
१३. काठमाण्डौं म्युजिकल ग्रुप कतार
१४. गैर आवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद कतार
१५. किरात याक्थुङ चुम्लुङ कतार
१६. राष्ट्रिय लोक तथा दोहोरी गित प्रतिष्ठान कतार

**<u>नृत्य कोरियोग्राफरहरु</u>** :- जनक मगर, भबिन तामाङ, कमल बिक्रम सुनुवार, चित्र बहादुर पुरी, सृष्टि श्रेष्ठ, सन्ध्या आर्याल, टेक रसाईली, मनु राई

९. २५ नोभेम्बर २०२२ शुक्रबारको दिन फिफा बिश्वकप २०२२ लाई सफल बनाउन कतार सरकारको सम्बन्धित निकाय सुप्रीम कमिटिद्वारा कतार स्थित आप्रबासी समुदायहरुलाई लक्षित गरि बनाईएको फिफा फ्यान जोन एसियन टाउनमा नेपाली नियोग कतार र एनसीसी कतारको सांस्कृतिक बिभागको समन्वयमा कतारमा रहेका नेपाली संघ संस्थाहरुको कलाकारहरुद्वारा नेपाली कला सॅस्कृती र मौलिकता झल्काउने **सय थरी बाजा एउटै ताल** को गितको बोलमा नृत्य प्रस्तुती प्रस्तुत गरिएको थियो ।

**<u>कोरियोग्राफरहरु</u>** - सृष्टि श्रेष्ठ, सन्ध्या अर्याल

**<u>कलाकारहरु :-</u>**

सृष्टि श्रेष्ठ
सन्ध्या अर्याल
सबिना मगर
सुनिता शेर्पा कुमाल

निरु लामा
डाडोमा शेर्पा राई
दिग्य सिह
सरिता श्रेष्ठ
जिया हमाल
कमला श्रेष्ठ

१०. मिति १७ फेब्रेवरी २०२३ शुक्रबार साहानिया स्थित अलदोसरी पार्कमा गैर आवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद कतारद्वारा दोहा कतारमा स्थापित नेपाल आदिवासी जनजाति महासंघ कतारमा आवद्ध रहेका मातृ संस्थाहरुको चाड पर्वहरु माघ्या सकराटी (मिनाम सार ल्हेस) - चासोक तङ्नाम - तमु ल्होसार - साकेला उधौली - मन्जुश्री सम्वत २८५९ - सोनाम ल्होछार - माघी - जितिया पर्व - रापावा श्यादर पिदार - येले सम्बत ५०८३ - फ्हुगाल पारिम - म्ह पुजा - ल्यापव दुक्षेन - लदी कोशी पुजा - ग्याल्पो ल्होसार - सिरुवा पावुन - नयाँ खुवा - लि:ल ल्होसार चाड पर्वहरुको अवसरमा आयोजित शुभकामना आदानप्रदान तथा विविध सांस्कृतिक कार्यक्रम -२०२२ मा प्रत्येक मातृ संस्थाहरुबाट मौलिक झाँकी, नृत्य, गायन जस्ता मनोरञ्जनात्मक सांस्कृतिक प्रस्तुतिहरु गरेको थियो ।

**सॉस्कृतिक प्रस्तुति दिने संस्थाहरु :**

१. नेपाल मगर संघ शाखा कतार
२. किरात याक्थुङ चुम्लुङ कतार
३. तमु (गुरुङ) समाज कतार
४. किरात राई यायोक्खा शाखा कतार
५. नेपाल प्रवासी तामाङ समाज कतार
६. थारु कल्याणकारी सभा कतार च्याप्टर
७. सुनुवार सेवा समाज शाखा कतार
८. प्रवासी भुजेल समाज कतार
९. नेवा पुच: कतार
१०. शेर्पा किदुग दोहा कतार

अन्त्यमा, माथि प्रस्तुत गरिएका सॉस्कृतिक प्रगती प्रतिबेदन सर्वसहमतिले अनुमोदन गरिदिनु हुन अनुरोध गर्दछु । साथै नवौं कार्यकाल (२०२१-२०२३) सॉस्कृतिक बिभागले गरेका गतिविधिहरु NRNA पेज फेसबुक र युट्युबहरुमा साथै भिजन एण्ड भाइब्स युट्युब (**Vision n Vibes**) च्यानलमा हेर्न सक्नु हुनेछ । धन्यवाद ।
उप-संयोजक - बिरेन मादेन लिम्बु
सदस्य - दिपक एईचि मगर
सदस्य - प्रकाश गुरुङ

सामुयल सुनुवार "साम"
संयोजक
कला तथा सॉस्कृतिक बिभाग
गैर आवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद कतार